# जुनीचाँदे गाँउपालिका
# गाउँ कार्यापालिकाको कार्यालय
## मजकोट, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल ।


प.सं./च.नं. ०७६।०७७ मितिः२०७६।१०।०२

प्राप्त पत्र संख्या र मितिः

स्वास्थ्य सेवाको चौथो तहका पदको खुला
प्रतियोगितात्मक परीक्षाको विज्ञापन
सूचना नः ७/०७६/०७७

अन्तर सरकारी वित्तीय हस्तान्तर अन्तरगत शर्सत अनुदान अस्पताल तथा वर्थिङ सेन्टरमा २४ घन्टा प्रसुति सेवा सञ्चालन गर्न करार अनमी नियुक्ति, करार अहेव अनमी खोप सेवा कार्यक्रम, रोभिङ ANM बाट DIsavantage Community, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा स्वास्थ्य चौकीहरुमा निम्न सेवा समूह उप समूहका स्वास्थ्य सेवाका चौथो तहका पदहरुमा खुला प्रतियोगितात्मक परीक्षाद्धारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखासत आह्ववान गरिन्छ । तोकिएको न्युनतम योग्यता पुगेका उम्मेदवारहरुले यस कार्यालयमा स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ । पाठ्यक्रम लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

| क स | विज्ञापन नं | सेवा समूह उपसमूह | खुला | माग पद संख्या | परीक्षा कार्यक्रम, मिति र समय |
|---|---|---|---|---|---|
| १ | १/०७६/०७७ | स्वास्थ्य सेवा पब्लिक हेल्थ नर्सिङ समूह, अ.न.मी. | खुला | ९ | २०७६।१०।२३ दिउसो १ बजे |
| २ | २/०७६/०७७ | स्वास्थ्य सेवा हेल्थ ईन्सपेक्सन समूह अ हे व | खुला | ६ | २०७६।१०।२३ दिउसो १ बजे |

**परीक्षा किसिमः-** चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवा सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ तथा जुनीचाँदे गाउँपालिकाको स्वाथ्य तथा सरसफाई ऐन, २०७६ वमोजिम अन्तरवार्ता

**परीक्षा केन्द्रः** जुनीचादे गाउँपालिकाको कार्यालय ।

**दरखास्त दस्तुरः** रु ३०० (तीन सय) ।

**दरखास्त अन्तिम मितिः** २०७६।१०।२२ गते सम्म तर दरखास्त दिन पाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन ।

**उम्मेदवारको उमेर हदः** २०७६।१०।२२ गते सम्म १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको ।

**आवश्यक कागजातहरुः** शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

**अन्तरवार्ता कार्यक्रम हुने मितिः** २०७६।१०।२३।

**पदमा रहीमा गर्नुपर्ने कामको विवरणः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको कार्यसञ्चालन मार्गदर्शन आव २०७६।०७७ तथा गाउँपालिकाद्धारा स्वीकृत कार्यक्षेत्रगत शर्तहरु सम्बन्धी ।

**तलव र करार अवधिः** तलव गाउँ कार्यपालिकाको निर्णय वमोजिम र करार अवधि जुनसुकै विधि र तहबाट स्थायी कर्मचारीको पदपूर्ति भएमा वा कार्यक्रमको लागि वजेट विनियोजन नभएमा करार सम्झौता स्वत समाप्त हुनेछ अन्यथा करार सम्झौता २०७६ असार मसान्त सम्म कायम हुनेछ तर आवश्यकता अनुसार करार अवधि थप गर्ने सकिनेछ ।

**आवश्यक न्युनतम योग्यताः**

स्वास्थ्य सेवा पब्लिक हेल्थ नर्सिङ्ग समूह अ.न.मी. पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उतीर्ण ।

स्वास्थ्य सेवा पब्लिक हेल्थ इन्सपेक्सन समूह अ.हे.व. पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सि. एम. ए. कोर्स उतीर्ण

सर्वदल शाही
प्रमुख प्रशासकीय अधिकृत